'यदि तिमीले भनेझैं गर्यौ भने, मानौं तिमी तिनीहरूलाई तातो खरानी ख्वाउँदैछौ, र अल्लाहको समर्थन सधैं तिमीसँग हुनेछ, जबसम्म तिमी त्यही मार्गमा रहन्छौ।।'

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्: एक व्यक्तिले भने: 'हे अल्लाहका रसूल! मेरो केही नातेदार छन्, म उनीहरूसँग सम्बन्ध कायम राख्छु तर उनीहरू मसँग सम्बन्ध तोड्छन्। म उनीहरूप्रति राम्रो व्यवहार गर्छु तर उनीहरू मलाई नराम्रो
गर्छन्। म उनीहरूको बारेमा धैर्य राख्छु तर उनीहरू मलाई अज्ञानतापूर्ण व्यवहारले पिरोल्छन्।' रसूल (सल्लल्लाहु अलैहि वसल्लम)ले भन्नुभयो: 'यदि तिमीले भनेझैं गर्यौ
भने, मानौं तिमी तिनीहरूलाई तातो खरानी ख्वाउँदैछौ, र अल्लाहको समर्थन सधैं तिमीसँग हुनेछ, जबसम्म तिमी त्यही मार्गमा रहन्छौ।।' [सही] [मुस्लिमले वर्णन गरेका छन्]

एक व्यक्तिले नबी (सल्लल्लाहु अलैहि वसल्लम) समक्ष गुनासो गरे कि उनी आफ्ना नातेदारहरूसँग राम्रो व्यवहार गर्छन्, तर तिनीहरूले उल्टो व्यवहार गर्छन्। उनी तिनीहरूलाई भेट्न र सम्बन्ध कायम राख्न प्रयास गर्छन्, तर तिनीहरूले सम्बन्ध तोड्छन्। उनी तिनीहरूप्रति भलाइ र इमान्दारिता देखाउँछन्, तर तिनीहरूले अन्याय र कठोरता देखाउँछन्। उनी सहनशील रहन्छन् र क्षमा गर्छन्, तर तिनीहरूले खराब कुरा र क्रियाकलापद्वारा उनको अपमान गर्छन्। उनले सोधे, "के म यस्तै व्यवहारको बाबजुद पनि तिनीहरूसँग सम्बन्ध कायम राखिरहनुपर्छ? नबी (सल्लल्लाहु अलैहि वसल्लम)ले उनलाई भने: यदि यो तिमीले भनेजस्तै छ, भने तिमी आफ्ना नातेदारहरूलाई उनीहरूको आफ्नै आँखामा लज्जित र तुच्छ बनाउँदैछौ। यस्तो लाग्छ कि तिमी तिनीहरूलाई तातो खरानी खुवाउँदैछौ, किनभने तिम्रो धेरै भलाइ र तिनीहरूको खराब व्यवहार तिनीहरूको आत्मसम्मानलाई कमजोर बनाउँछ। तिमीसँग सधैं अल्लाहबाट एक सहायक हुनेछ, जसले तिनीहरूको हानीबाट रक्षा गर्नेछ, जबसम्म तिमी तिनीहरूप्रति यसै प्रकारको भलाइमा रहन्छौ र उनीहरू तिमीप्रति आफ्नो खराब व्यवहार गरी रहन्छन्।

https://sunnah.global/hadeeth/ne/show/3863